# मरिण राजपत्र

मरिण गाउँ कार्यपालिकाद्वारा प्रकाशित

खण्डा ९ मरिण, असार २८ गते, २०८३ साल संख्या ३


## भाग १

# “मरिण गाउँपालिका शिक्षा ऐन, २०७५ (दोस्रो संशोधन, २०८३)”

**प्रस्तावनाः**

सङ्घीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिको निम्ति सशस्त्र संघर्ष लगायत सकारात्मक परिवर्तनका खातिर सबै किसिमका आन्दोलनहरुमा योगदान दिएका पूर्व सशस्त्र संघर्षका सेनाहरु, तत्कालिन माओवादी जनमुक्ति सेनाहरु, घाईते एवं अपाङ्गहरुको उच्च सम्मान गर्दै निजहरुलाई स्वस्थ र सहज जीवन व्यतित गर्नका लागि स्वास्थ्य बीमा गरिदिने उदेश्यका साथ "स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा १०२ को अधिकार प्रयोग गरि मरिण गाउँपालिका स्थानीय सरकारले यो कार्यविधि जारी गरेको छ ।

मरिण गाउँपालिका

मरिण गाउँपालिका शिक्षा ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय देखिएकोले
देहाय बमोजिम संशोधन गरिएको छ।

**देहाय**

| परिच्छेद | दफा/उपदफा | हाल भएको कानुनी व्यवस्था | संशोधन गरिएको कानुनी व्यवस्था |
|---|---|---|---|
| ४ | १५ १(ञ) | गाउँपालिका स्तरीय शिक्षक महासँघका अध्यक्ष - सदस्य | दफा १५ को उपदफा १(ञ) झिकिएको छ |
| ५ | १८ १(ग) र १(घ) | १(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर सहयोग गर्ने व्यक्तिहरु मध्येबाट वडा समितिले मनोनित गरेका एकजना - सदस्य १(घ) गाउँपालिका अध्यक्षले मनोनित गरेको स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी मध्येबाट एकजना -सदस्य | दफा १८ को उपदफा १(ग) र १(घ) झिकिएको छ |
| ५ | दफा १८ को उपदफा ३ | उपदफा १ को खण्ड (क), (ख), (ग) र (घ) बमोजिमका सदस्यहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोननित गरेको व्यक्ति विद्यालय व्यवस्थापन समितिको अध्यक्ष हुनेछ | विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा १ को खण्ड (क) र (ख) बमोजिमका सदस्यहरु मध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ । तर समिति गठन भएको १० दिनभित्र अध्यक्ष चयन गर्न नसकेमा गाउँ शिक्षा समितिले सोही खण्डका सदस्यहरु मध्येबाट अध्यक्ष मनोनित गर्नेछ |
| ५ | दफा १८ को उपदफा ६ | सम्बन्धित विद्यालय निरीक्षक र स्रोत व्यक्तिलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गरिनेछ | सम्बन्धित विद्यालय निरीक्षक, स्रोत व्यक्ति र बाल क्लवको प्रतिनिधिलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गरिनेछ |

प्रमुख प्रशासकीय अधिकृत
महेश श्रेष्ठ

मरिण गाउँपालिका